कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष संचालक समितिको

मिति २०७७/०५/०२ मा बसेको दशौं बैठकको निर्णयहरू

१. कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहहरूले स्थापना तथा व्यवस्थापन गरी संचालनमा रहेका क्वारेण्टिनहरूलाई निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न क्वारेण्टिनमा बसेका व्यक्तिहरूलाई बसोबास र खानपीनको व्यवस्था मिलाउन तथा आवश्यकता अनुसार निजहरुको स्वास्थ्य जाँच गर्ने लगायतका कार्यका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको Covid Management Information System मा प्रविष्टी गरेको प्रमाणित तथ्याङ्कको आधारमा तयार पारिएको विवरण बमोजिम स्थानीय तहहरूलाई प्रचलित कानून एवम् स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने, खर्चको लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी अनुसूची (१) मा उल्लेख भए बमोजिमको कूल रू. ४ करोड २० लाख ३९ हजार पाँच सय पचास यस कोषबाट निकासा दिने साथै क्वारेण्टिनमा रहेका ब्यक्तिहरूको यथार्थता बुझ्ने कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालयहरूबाट गर्ने निर्णय गरियो।

२. कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको सन्दर्भमा विभिन्न स्वास्थ्य संस्था तथा स्थानीय तहले रकम निकासाको निम्ति माग गरेको र तत् बमोजिमको मागको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयबाट भएको सिफारिस समेतको आधारमा निम्न अनुसारका निकायलाई प्रचलित कानून एवम् स्वीकृत मापदण्ड बमोजिम भुक्तानी गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी देहाय अनुसारको रकम निकासा गर्ने निर्णय गरियो।

क) १० वेडको ४ भेन्टिलेटर सहित आई. सि. यु. थप गरी संचालन गर्न प्रदेश नं. १ को धनकुटा र पाँचथर अस्पताल, प्रदेश नं. २ को सर्लाही र रौतहट अस्पताल, बागमती प्रदेशको नुवाकोट र धादिङ अस्पताल, गण्डकी प्रदेशको दमौली र लमजुङ अस्पताल, प्रदेश नं. ५ को कपिलवस्तु र अर्घाखाँची अस्पताल, कर्णाली प्रदेशको कालीकोट र सल्यान अस्पताल एवं सुदूरपश्चिम प्रदेशको महाकाली र टिकापुर अस्पताल गरी १४ अस्पताललाई रु.२ करोडका दरले रकम उपलब्ध गराउने।

ख) PCR Machine सेट खरिद तथा जडान गरी संचालन गर्न प्रदेश नं. १ को धनकुटा अस्पताल, गण्डकी प्रदेशको धौलागिरी अस्पताल र प्रदेश नं. ५ को पाल्पा अस्पताललाई रू. १ करोडका दरले रकम उपलब्ध गराउने।

ग) COvid-19 संक्रमणको कारण महामारीको स्वरुप लिएको जोखिमजन्य क्षेत्रको रुपमा रहेको पर्सा जिल्लाको बिरगञ्ज महानगरपालिका क्षेत्रमा रोकथाम ,नियन्त्रण र उपचार प्रयोजनको लागि बिरगञ्ज महानगरपालिकालाई रू.३ करोड रकम उपलब्ध गराउंने।

घ) COvid-19 संक्रमणको कारण छिमेकी देश भारतबाट बर्दिया जिल्लास्थित मधुवन नाका भै स्वदेश फर्कने नेपालीहरुको चाप उच्च रहेको र व्यवस्थित क्वारेन्टिनको अभावको कारणले संक्रमणको जोखिम उच्च रहेको सन्दर्भमा ब्यबस्थित क्वारेन्टिन निर्माण गर्न बर्दिया जिल्लाको मधुवन नगरपालिकालाई रु १ करोड रकम उपलब्ध गराउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

...द्धव प्रसाद कोइराला
सचिव

प्रा.डा. पुष्पराज कँडेल
उपाध्यक्ष

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

अनुसूची १

स्थानीय तहहरूलाई क्वारेन्टिन स्थापना तथा व्यवस्थापन र मर्मत सुधार लगायतका कार्यको लागि निकासा दिन निर्धारित रकम

| क्रम संख्या | प्रदेश | जिल्ला | स्थानीय तह | क्वारेण्टिनमा रहेका संख्या अनुसार हुने रकम | मापदण्ड अनुसार निकाशा हुनु पर्ने रकम |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं १ | ईलाम | चुलाचुली गाउँपालिका | ३१११५० | १५५५७५ |
| २ | प्रदेश नं १ | ओखलढुंगा | मानेभञ्याङ गाउँपालिका | ४४५९०० | २२२९५० |
| ३ | प्रदेश नं १ | खोटाङ | साकेला गाउँपालिका | १०८७८०० | ५४३९०० |
| ४ | प्रदेश नं १ | झापा | झापा गाउँपालिका | ८८६९०० | ४४३४५० |
| ५ | प्रदेश नं १ | झापा | भद्रपुर नगरपालिका | २०७५१५० | १०३७५७५ |
| ६ | प्रदेश नं १ | ताप्लेजुङ | पाथीभरा याङवरक गाउँपालिक | २२०५०० | ११०२५० |
| ७ | प्रदेश नं १ | तेहथुम | फेदाप गाउँपालिका | ३३३२०० | १६६६०० |
| ८ | प्रदेश नं १ | संखुवासभा | खाँदवारी नगरपालिका | ४५८१५० | २२९०७५ |
| ९ | प्रदेश नं १ | सुनसरी | बर्जु गाउँपालिका | ४४५९०० | २२२९५० |
| १० | प्रदेश नं १ | सुनसरी | ईटहरी उपमहानगरपालिका | १२८३८०० | ६४१९०० |
| ११ | प्रदेश नं २ | धनुषा | गणेशमान चारनाथ नगरपालिक | ५४१४५० | २७०७२५ |
| १२ | प्रदेश नं २ | पर्सा | पकाहा मैनपुर गाउँपालिका | ४०६७०० | २०३३५० |
| १३ | प्रदेश नं २ | पर्सा | बिन्दबासिनी गाउँपालिका | ४८५१०० | २४२५५० |
| १४ | प्रदेश नं २ | महोत्तरी | महोत्तरी गाउँपालिका | ५१९४०० | २५९७०० |
| १५ | प्रदेश नं २ | बारा | आदर्श कोटवाल गाउँपालिका | १३२५४५० | ६६२७२५ |
| १६ | प्रदेश नं २ | बारा | सिम्रौनगढ नगरपालिका | २५३३३०० | १२६६६५० |
| १७ | प्रदेश न २ | ससरी | शम्भुनाथ नगरपालिका | २१३१५० | १०६५७५ |
| १८ | प्रदेश नं २ | ससरी | सुरुङ्गा नगरपालिका | ४१८९५० | २०९४७५ |
| १९ | प्रदेश नं २ | ससरी | अग्निसाइर कृष्णासवरन गाउँप | ९०६५०० | ४५३२५० |
| २० | प्रदेश नं २ | सिराहा | विष्णुपुर गाउँपालिका | २८४२०० | १४२१०० |
| २१ | बागमती प्रदेश | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका | ३४३००० | १७१५०० |
| २२ | बागमती प्रदेश | चितवन | रत्ननगर नगरपालिका | १७५९१०० | ८७९५५० |
| २३ | बागमती प्रदेश | धादिङ | गल्छी गाउँपालिका | २१५६०० | १०७८०० |
| २४ | बागमती प्रदेश | नुवाकोट | तादी गाउँपालिका | २१०७०० | १०५३५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | बागमती प्रदेश | ललितपुर | ललितपुर महानगरपालिका | १८०३२०० | ९०१६०० |
| २६ | बागमती प्रदेश | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | ३८४६५० | १९२३२५ |
| २७ | बागमती प्रदेश | सिन्धुली | कमलामाई नगरपालिका | २२००१०० | ११०००५० |
| २८ | गण्डकी प्रदेश | तनहुँ | आँबुखैरेनी गाउँपालिका | ५१४५०० | २५७२५० |
| २९ | गण्डकी प्रदेश | तनहुँ | घिरिङ गाउँपालिका | ९४८१५० | ४७४०७५ |
| ३० | गण्डकी प्रदेश | म्याग्दी | धवलागिरी गाउँपालिका | ३७२४०० | १८६२०० |
| ३१ | प्रदेश नं ५ | पाल्पा | माथागढी गाउँपालिका | ९८०००० | ४९०००० |
| ३२ | प्रदेश नं ५ | रुपन्देही | कोटहीमाई गाउँपालिका | ३९९१०५० | १९९५५२५ |
| ३३ | प्रदेश नं ५ | रोल्पा | सुनछहरी गाउँपालिका | १९६००० | ९८००० |
| ३४ | कर्णाली प्रदेश | दैलेख | गुराँस गाउँपालिका | ६२२५४५० | ३११२७२५ |
| ३५ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | बेलौरी नगरपालिका | २८४६९०० | १४२३४५० |
| ३६ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | महाकाली नगरपालिका | १६२७२९०० | ८१३६४५० |
| ३७ | सुदूरपश्चिम प्रदेश | कैलाली | घोडाघोडी नगरपालिका | १६६४२८५० | ८३२१४२५ |
| ३८ | सुदूरपश्चिम प्रदेश | बैतडी | सिगास गाउँपालिका | ५९६८२०० | २९८४१०० |
| ३९ | सुदूरपश्चिम प्रदेश | बैतडी | शिवनाथ गाउँपालिका | ७०२१७०० | ३५१०८५० |
| | | | कुल रकम | ८४०७९१०० | ४२०३९५५० |

यादव प्रसाद कोइराला
सचिव

प्रा.डा. पुष्पराज कँडेल
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग